# प्रदेश गतिविधि उत्पादन, प्रकाशन तथा प्रसारण कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८१

**प्रस्तावनाः** बागमती प्रदेशमा क्रियाशिल पत्रकार, सञ्चार माध्यम, अनुसन्धानकर्ता, प्राध्यापक तथा विद्यार्थीहरुलाई लक्षित गर्दै सुशासन अभिवृद्धिका लागि सूचना तथा सञ्चार क्षेत्रको विकास गरी प्रादेशिक विषयका खोजमूलक समाचार, अनुसन्धानमूलक र लेखजन्य सामग्री उत्पादन, प्रकाशन तथा प्रसारण गर्न, गराउन तथा अनुसन्धानको दायरालाई फराकिलो बनाएर पत्रकारिताको गुणस्तर वृद्धिमा प्रोत्साहन गर्न आवश्यक भएकोले,

प्रदेश विनियोजन ऐनको दफा ११ को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी मन्त्रालयले यो कार्यविधि बनाई लागू गरेको छ।

१. **संक्षिप्त नाम र विस्तारः** (१) यस कार्यविधिको नाम "प्रदेश गतिविधि उत्पादन, प्रकाशन तथा प्रसारण कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८१" रहेको छ।

(२) यो कार्यविधि मन्त्रालयबाट स्वीकृत भएको मितिबाट लागू हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) "कार्यालय" भन्नाले सञ्चार रजिष्ट्रारको कार्यालय सम्झनु पर्छ।

(ख) "पत्रकार" भन्नाले प्रकाशन तथा प्रसारणसँग सम्वद्ध पत्रकार सम्झनु पर्छ।

(ग) "प्रकाशन सामग्री" भन्नाले पत्रपत्रिका एवं अनलाइन सञ्चार माध्यममा प्रकाशन भएको समाचार तथा लेखजन्य सामग्रीलाई समेत सम्झनु पर्छ।

(घ) "प्रदेश" भन्नाले बागमती प्रदेश सम्झनु पर्छ।

(ङ) "प्रसारण सामग्री" भन्नाले एफ.एम. रेडियो तथा टेलिभिजन र अनलाइन सञ्चार माध्यममा प्रसारण भएको रिपोर्ट, कार्यक्रम वा यस्तै प्रकृतिका अन्य प्रसारण सामग्री सम्झनु पर्छ।

(च) "मन्त्रालय" भन्नाले सञ्चारसम्बन्धी विषय हेर्ने मन्त्रालयलाई सम्झनु पर्छ।

(छ) "लेखन तथा प्रसारणवृत्ति" भन्नाले तोकिएका विषयहरूमा प्रकाशन तथा प्रसारण सामग्री तयार गरी प्रसारण तथा प्रकाशन गरेवापत प्रदान गरिने नगद सहायता रकम सम्झनु पर्छ।

३. **आवेदनसम्बन्धी व्यवस्थाः** (१) कार्यालयले प्रदेश गतिविधि उत्पादन, प्रकाशन तथा प्रसारण कार्यक्रमको लेखन तथा प्रसारण वृत्तिका लागि १५ (पन्ध्र) दिनको समय दिई राष्ट्रिय दैनिक पत्रिकामा सूचना आह्वान गर्नेछ।

मा. सुरज चन्द्र लामिछाने
मन्त्री

(२) उपदफा (१) बमोजिम आवेदन आह्वान भएको मितिले १५ (पन्ध्र) दिनभित्र इच्छुक व्यक्ति वा संस्थाले अनुसूची-१ बमोजिमको ढाँचामा देहायका विवरणहरू खुलाई कार्यालयमा आवेदन दिनुपर्नेछः-

(क) आफूले काम गरेको संस्था र सो संस्थामा आफ्नो जिम्मेवारी, पद/तह,

(ख) लेखन तथा प्रसारण वृत्ति प्रासिका लागि आफूले रोजेको विषय/क्षेत्र,

(ग) आफूले तयार गरेको लेखन तथा प्रसारण सामग्रीको औचित्य,

(घ) आफूले खोज अनुसन्धान गर्न चाहेको विषय वा क्षेत्रले समेट्ने जिल्ला, स्थानीय तह र आफूले रोजेको ठाउँभन्दा बाहिरको सूचना प्राप्त गर्ने सम्पर्क व्यक्तिसहितको संक्षिप्त जानकारी,

(ङ) विश्वविद्यालयमा अध्यापन, अध्ययन तथा अनुसन्धान गरि रहेकाको हकमा परिचय खुल्ने कागजात,

(च) कार्यालयले तोकेका अन्य विषयहरू।

(३) माथि जुनसुकै कुरा लेखिएको भएतापनि कुनै सञ्चार संस्थासँग आबद्ध नभएको बागमती प्रदेशमा एक वर्ष वा सो भन्दा माथि क्रियाशिल स्वतन्त्र पत्रकारले पनि तोकिएको ढाँचामा आवश्यक विवरण खुलाई लेखन तथा प्रसारण वृत्तिका लागि आवेदन दिन सक्नेछ।

(४) संस्थागत रुपमा आवेदन पेश गर्दा एक मात्र व्यक्तिको नाम उल्लेख गरेको हुनु पर्नेछ। लेखन तथा प्रसारण सामग्री प्रकाशन तथा प्रसारण हुँदा उक्त सामग्री तयार गर्न परिचालित एकभन्दा बढी व्यक्तिको बाइलाइनमा प्रकाशन तथा प्रसारण गर्न बाधा पुग्ने छैन।

४. <u>सिफारिस तथा मूल्याङ्कन समितिः</u> (१) दफा ३ बमोजिम प्राप्त आवेदनहरु मध्येबाट दफा ५ बमोजिमको आधारमा लेखन तथा प्रसारण वृत्ति प्रदान गर्न देहायबमोजिमका सदस्य रहेको एक सिफारिस तथा मूल्याङ्कन समिति रहनेछः-

| | |
|---|---|
| (क) सञ्चार रजिष्ट्रार | - संयोजक |
| (ख) प्रतिनिधि, मन्त्रालय | - सदस्य |
| (ग) प्रतिनिधि, नेपाल पत्रकार महासंघ, प्रदेश समिति | - सदस्य |
| (घ) अधिकृत प्रतिनिधि, प्रकाशन तथा प्रशारण शाखा, कार्यालय | - सदस्य |
| (ङ) अधिकृत प्रतिनिधि प्रसारण तथा सूचना शाखा कार्यालय | - सदस्य-सचिव |

(२) उपदफा (१) बमोजिमको समितिका काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः-

(क) सिफारिसका क्रममा समितिको बैठक आवश्यकता अनुसार बस्नेछ।

(ख) समितिको बैठकमा आवश्यकता अनुसार विज्ञहरूलाई आमन्त्रण गर्न सक्नेछ।

(ग) प्राप्त आवेदन परामर्श सम्पादकसँगको समन्वयमा छनौट गरी प्रक्रिया अगाडि बढाउन कार्यालयलाई सिफारिस गर्नेछ।

मा. सुरज चन्द्र लामिछाने
मन्त्री

(घ) समितिले परामर्शदाता सम्पादकको सिफारिसका आधारमा लेखन तथा प्रसारण वृत्ति भुक्तानीका लागि अन्तिम निर्णय गर्नेछ।

(ङ) समितिले आवश्यक देखेका अन्य कार्यहरु।

५. <u>छनोटको आधार र मापदण्डः</u> (१) दफा ४ बमोजिमको सिफारिस तथा मूल्याङ्कन समितिले प्राप्त आवेदनको छनौट र लेखन तथा प्रसारणवृत्तिको भुक्तानीको सिफारिस गर्दा देहायका आधार र मापदण्डमा गर्नु पर्नेछः-

(क) विषयवस्तुको गम्भीरता, मौलिकता र प्रभाव,

(ख) राज्यको मूलप्रवाहमा आउन नसकेका प्रदेशका उपेक्षित, उत्पीडित समुदायसँग सम्बन्धित विषय,

(ग) लेखन तथा प्रसारण सामग्री प्रकाशन तथा प्रसारण पश्चात सम्बन्धित क्षेत्रमा पर्ने सकारात्मक प्रभाव,

(घ) अवलम्वन गरिने खोज तथा अनुसन्धान पद्धति,

(ङ) स्थलगत अध्ययन गरिने क्षेत्र,

(२) उपदफा (१) बमोजिमको आधारमा लेखन तथा प्रसारणवृत्ति पाएका व्यक्ति/संस्थाले देहायका मापदण्ड अनुसार आफनो सामग्री तयार गर्नु पर्नेछः-

(क) रेडियो, पत्रपत्रिका, अनलाईन तथा टेलिभिजनका लागि म्यागेजिन शैलीको रिपोर्ट तथा कार्यक्रम,

(ख) परामर्शदाता सम्पादकलाई पठाइएको रेडियो तथा टेलिभिजनको प्रसारण सामग्रीमा प्रयोग हुने बाइट ट्रान्सक्राइब गरि लेखिएको हुनुपर्नेछ,

(ग) पत्रपत्रिका र अनलाइन सञ्चार माध्यममा प्रकाशन हुने लेखन सामग्रीको लम्बाई कम्तिमा २००० (दुई हजार) शब्दको हुनु पर्नेछ,

(घ) विश्वविद्यालयमा प्राध्यापक वा अनुसन्धान गरि रहेका विद्यार्थीको हकमा अनुसन्धानमूलक सामग्री हुनु पर्नेछ,

(ङ) प्राध्यापक र विद्यार्थीको हकमा खोज अनुसन्धान जतिसुकै लामो भएतापनि प्रकाशन हुने सामग्री खण्ड (ग) बमोजिम हुनेछ।

६. <u>आवेदनको छनोटः</u> (१) दफा ३ बमोजिमको आवेदनमा दफा ४ बमोजिमको समितिले दफा ५ बमोजिमको आधारमा दफा १० बमोजिमका विषय समेटिने गरि आवेदक छनौट गर्नेछ।

(२) उपदफा (१) बमोजिमको आवेदक छनौट गर्दा समितिले समावेशिताको सिद्धान्तलाई प्राथमिकता दिन सक्नेछ।

मा. सुरज चन्द्र लामिछाने
मन्त्री

(३) प्राप्त आवेदन मध्ये कुनै दुई वा सो भन्दा बढी आवेदनमा उल्लखित विषयमा एउटा समूह बनाई रिपोर्टिङ्ग गर्न उचित देखिएमा कार्यालय र परामर्शदाता सम्पादकले एउटै रिपोर्ट बनाउन सक्नेछ।

७. <u>स्क्रिप्ट पेश गर्नुपर्ने</u>: (१) लेखन तथा प्रसारण वृत्ति प्राप्त गरेका व्यक्ति वा संस्थाको अन्तिम नामावली प्रकाशन गरेको ४५ (पैतालिस) दिनभित्र प्रकाशन वा प्रसारण गराउन चाहेको विषयवस्तुको कम्प्युटर टाइप गरिएको स्क्रिप्टको मस्यौदा नेपाली भाषामा कार्यालय वा परामर्शदाता सम्पादक समक्ष पेश गर्नुपर्नेछ।

(२) उपदफा (१) बमोजिम पेश भएको स्क्रिप्ट कार्यालय र परामर्शदाता सम्पादकलाई चित्त नबुझेमा आवश्यक संशोधन तथा सम्पादन गर्न/गराउन सक्नेछ।

(३) उपदफा (१) बमोजिमको कार्य नभएमा छनौट भएको उम्मेदवारको आवेदन बदर गरेको मानी कार्यालयले ७ (सात) दिनको राष्ट्रिय दैनिक पत्रिकामा सूचना प्रकाशन गरी वैकल्पिक आवेदकलाई आह्वान गर्न सक्नेछ।

(४) उपदफा (३) बमोजिम सूचना प्रकाशन भएको ७ (सात) दिनभित्र वैकल्पिक उम्मेदवारलाई स्क्रिप्ट पेश गर्न सूचित गरिनेछ।

८. <u>परामर्शदाता सम्पादकको नियुक्ति:</u> (१) लेखन तथा प्रसारण वृत्तिलाई प्रभावकारी, व्यावसायिक, औचित्यपूर्ण र प्रादेशिक विषय केन्द्रित बनाउन सहयोग पुग्ने गरी प्रचलित कानूनबमोजिम कार्यालयले एक स्वतन्त्र परामर्शदाता सम्पादक नियुक्त गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम परामर्शदाता सम्पादक नियुक्त हुने व्यक्तिको देहायबमोजिमको योग्यता पुगेको हुनु पर्नेछः-

(क) नेपाली नागरिक,

(ख) तीस वर्ष पूरा भई पचपन्न वर्ष ननाघेको,

(ग) मान्यता प्राप्त विश्वविद्यालयबाट कम्तीमा स्नातकोत्तर वा सो सरहको परीक्षा उत्तीर्ण गरेको,

(घ) नेपाली भाषामा दखल भएको,

(ङ) रेडियो/पत्रिका/टेलिभिजन वा अनलाइन कुनै एउटा सञ्चार माध्यममा कम्तीमा दश वर्ष पत्रकारिताको अनुभव भएको।

(च) रेडियो/पत्रिका/टेलिभिजन वा अनलाइन कुनै एउटा वा तीन वटै सञ्चार माध्यममा सम्पादक वा सो सरहको जिम्मेवारीमा रहि काम गरेको।

(३) परामर्शदाता सम्पादकको काम, कर्तव्य र अधिकार देहायबमोजिमको हुनेछः-

(क) प्राप्त प्रस्तावको प्रारम्भिक छनौट गरी अन्तिम निर्णयका लागि कार्यालयमा

मा. सुरज चन्द्र लामिछाने
मन्त्री

पठाउने,

(ख) लेखन तथा प्रसारण वृत्तिका लागि छनौट भएका व्यक्ति वा संस्थालाई सूचना संकलन तथा लेखनसम्बन्धी कार्यमा सल्लाह, सुझाव र निर्देशन दिने,

(ग) लेखन तथा प्रसारण वृत्ति प्राप्त गरेका व्यक्ति वा संस्थाले तयार पारेका प्रारम्भिक लेखन मस्यौदामाथि टिप्पणी, सुझाव र पृष्ठपोषण प्रदान गर्ने,

(घ) वृत्ति प्राप्त गरेका व्यक्ति वा संस्थाबाट प्राप्त भएका सामग्रीको अन्तिम सम्पादन गरी प्रकाशन तथा प्रसारणको लागि सम्बन्धित व्यक्ति वा संस्था र कार्यालयमा पठाउने,

(ङ) लेखन तथा प्रसारण वृत्तिका सम्बन्धमा दफा ४ को उपदफा (१) बमोजिमको समितिले निर्देशन गरेका सम्पादनसम्बन्धी अन्य कार्यहरु गर्ने।

(४) उपदफा (१) बमोजिमको परामर्शदाता सम्पादकलाई एक लेखन तथा प्रसारण सामग्री संयोजन तथा सम्पादन गरेको वापत रू. ६०००।-(छ हजार रूपैयाँ) का दरले प्रदान गरिनेछ।

(५) उपदफा (४) बमोजिमको भुक्तानी पाउन परामर्शदाता सम्पादकले निवेदनका साथमा आफूले गरेको संयोजन तथा सम्पादन कार्यको प्रतिवेदन कार्यालयमा पेश गर्नु पर्नेछ।

९. <u>वृत्ति रकम प्रदान गरिने</u>: (१) परामर्शदाता सम्पादकले सम्पादन गरी सिफारिस गरेबमोजिमको रकम दफा ४ को उपदफा (१) बमोजिमको समितिले स्वीकृत गरेपश्चात् लेखन तथा प्रसारण वृत्ति प्राप्त गरेका पत्रकारलाई बढीमा रु. २५,०००।-(पच्चीस हजाररूपैयाँ) सम्म कार्यालयले भुक्तानी गर्नेछ।

(२) उपदफा (१) बमोजिमको रकमलाई १०० प्रतिशत मानेर अनुसूची-२ बमोजिमको ढाँचामा लेखन तथा प्रसारण वृत्ति प्राप्त गर्ने व्यक्ति वा संस्थाले लेखन तथा प्रसारण सामग्रीको मूल्याङ्कन गरी परामर्श सम्पादकले सिफारिस गर्नेछ।

(३) उपदफा (२) बमोजिम परामर्श सम्पादकले सिफारिस गरेको मूल्याङ्कन अंक र रकममा कार्यालयको बजेटको सीमा भित्र रहि दफा ४ बमोजिमको समितिले सदर गर्न वा थपघट गर्न सक्नेछ।

(४) उपदफा (१) बमोजिम लेखन तथा प्रसारण वृत्ति वापतको रकम माग सहितको निवेदनका साथ सम्बन्धित पत्रकारले प्रकाशन तथा प्रसारण भएको सामग्रीको डिजिटल प्रति अनिवार्य रुपमा कार्यालय समक्ष पेश गर्नु पर्नेछ।

१०. <u>सामग्री निर्माणका विषयहरू</u>: (१) लेखन तथा प्रसारण वृत्ति प्राप्त गर्ने प्रयोजनका लागि देहायका विषयहरुमा सामग्री तयार गर्न सकिनेछ:-

(क) सङ्घीय संरचना र सोको प्रभाव,

(ख) जलवायु परिवर्तनले पारेको प्रभाव र असर,

(ग) भौतिक पूर्वाधार,

मा. सुरज चन्द्र लामिछाने
मन्त्री

(घ) शान्ति सुरक्षा,

(ङ) साइबर सुरक्षा,

(च) कानून निर्माण,

(छ) समाज र संस्कृति,

(ज) ज्येष्ठ नागरिक,

(झ) विपद् व्यवस्थापन,

(ञ) वन तथा वातावरण,

(ट) दिगो विकास,

(ठ) जोखिम न्यूनीकरण,

(ड) धार्मिक सहिष्णुता,

(ढ) महिला तथा बालबालिका,

(ण) परम्परागत ज्ञानले समाजलाई प्रदान गरेको आधुनिक शिक्षा,

(त) शिक्षा,

(थ) स्वास्थ्य,

(द) पर्यटन,

(ध) युवा स्वरोजगार,

(न) खेलकुद,

(ऩ) वैदेशिक रोजगार,

(प) उद्यमशीलता,

(फ) सूचना प्रविधिको प्रयोग/दुरुपयोग,

(ब) वैज्ञानिक कृषि प्रणाली,

(भ) कुनै पनि क्षेत्रमा भएका नवप्रवर्तनका विषयहरू,

(म) अल्पसंख्यक, सीमान्तकृत तथा अति-सीमान्तकृतको जीवनशैली,

(य) जलस्रोत,

(र) पत्रकारिता/आम सञ्चार।

११. <u>वृत्ति रकमका लागि बजेट व्यवस्था</u>ः (१) लेखन तथा प्रसारण वृत्ति रकमका लागि आवश्यक पर्ने बजेट कार्यालयको प्रदेश गतिविधि उत्पादन, प्रकाशन तथा प्रसारण कार्यक्रम शिर्षकमा भएको खर्च शिर्षकबाट खर्च लेखिनेछ।

(२) उपदफा (१) बमोजिमको रकम कार्यविधिमा तोकिएको लेखन तथा प्रसारण वृत्तिमा खर्च नहुने अवस्था आएमा प्रदेश गतिविधि उत्पादन, प्रकाशन तथा प्रसारण कार्यक्रमसँग सम्बन्धित विषयमा मन्त्रालयको सहमतिमा रकमान्तर गर्न बाधा पुगेको मानिने छैन।

मा. सुरज चन्द्र लामिछाने
मन्त्री

१२. **<u>बाधा अड्काउ फुकाउने</u>**: कार्यविधिको कार्यान्वयनमा कुनै बाधा आएमा मन्त्रालयले फुकाउन सक्नेछ।

१३. **<u>प्रचलित कानून बमोजिम हुने</u>**: यस कार्यविधिमा उल्लेख भएदेखि बाहेकका अन्य विषयमा प्रचलित कानून बमोजिम हुनेछ।

१४. **<u>कार्यविधि संशोधन तथा परिमार्जन</u>**: यस कार्यविधिमा उल्लेख भएका विषयहरुमा आर्थिक दायित्व पर्ने विषय क्षेत्रमा आर्थिक मामिला तथा योजना मन्त्रालयको राय सहमति लिइ संशोधन तथा परिमार्जन गर्न सक्नेछ।

मा. सुरज चन्द्र लामिछाने
मन्त्री

बागमती प्रदेश सरकार
आन्तरिक मामिला तथा कानून मन्त्रालय
हेटौंडा, नेपाल

अनुसूची- १

(नियम ३ सँग सम्बन्धित)

## लेखन तथा प्रसारणवृत्ति कार्यक्रमका लागि आवेदन फाराम

१. वैयक्तिक विवरण

| | |
|---|---|
| नाम थर : | लिङ्ग : |
| स्थायी ठेगाना : | इमेल : |
| मोबाइल नं. : | कार्यरत संस्था : |
| पद : | स्वतन्त्र पत्रकार : |
| सामग्री प्रकाशन तथा प्रसारण गर्ने सञ्चार संस्था : | |
| अध्यापन/अध्ययन/अनुसन्धान गरिरहेको विषय: | |
| अध्यापन/अध्ययन/अनुसन्धान गरिरहेको विश्वविद्यालय (यदि भएमा): | |

२. लेखन तथा प्रसारण वृत्ति प्राप्तिका लागि खोज्ने समाचार/लेखजन्य सामग्रीको विषयवस्तु:

| |
|---|
| |

३. सामग्रीको विषयवस्तु चयन गर्नुको औचित्य (बुँदामा):

| |
|---|
| |

मा. सुरज चन्द्र लामिछाने
मन्त्री

बागमती प्रदेश सरकार
आन्तरिक मामिला तथा कानून मन्त्रालय
हेटौंडा, नेपाल

४. सामग्री तयार पार्न प्रयोग गरिने अध्ययन पद्धतिः

५. अन्तर्वार्ता गरिने सम्भावित व्यक्ति/समुदाय/संस्थाको सूचीः

६. सामग्री प्रकाशन वा प्रसारणपछि सम्बन्धित क्षेत्रमा पर्ने प्रभावः

मा. सुरज चन्द्र लामिछाने
मन्त्री

अनुसुची- २

(दफा ९ को उपदफा (२) सँग सम्बन्धित)

| क्र.सं. | नाम | सम्पादित शब्द (१०) | भाषा शैली (१०) | सन्दर्भ सामग्रीको उपयोग (१०) | स्थलगत अध्ययन अनुसन्धान(२०) | तथ्याङ्कको उपयोग (१०) | प्रादेशिक विषय समेटिएको(२०) | समग्र सामग्रीको तौल (२०) | प्राप्त नम्बर | प्राप्त प्रतिशत | सिफारिस रकम | समितिले निर्णय गरेको रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |

बागमती प्रदेश सरकार आन्तरिक मामिला तथा कानून मन्त्रालय हेटौंडा, नेपाल

मा. सुरज चन्द्र लामिछाने
मन्त्री